## सूचना

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार गर्ने संस्कृतिको विकास गरौँ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY


## तिहारमा फूल नपाइने



पृष्ठ ३ मा

वर्ष-१२ ।। अङ्क : १८३ ॥ २०७७ कार्तिक १५ गते शनिबार (31th Oct. 2020,Saturday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

# पूर्व शिक्षक एवं साहित्यकार विष्टको कोरोनाबाट मृत्यु



***झापा (प्रस) ।*** कोरोना संक्रमणबाट बिर्तामोडमा थप एकजनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा बिर्तामोड ५कनकाई रोड निवासी ७३ वर्षिय पुष्पलाल विष्ट रहेका छन् । उनको विराट मेडिकल कलेज हस्पिटल विराटनगरमा बिहीबार साँझ मृत्यु भएको हो । उनलाई पाँच दिनअघि विराटनगर लगिएको थियो । उनको शव शुक्रबार विहान ल्याएर नेपाली सेनाले कनकाई आर्यघाटमा अन्त्येष्टि गरिएको वडाध्यक्ष राजेन्द्र लिङ्देनले बताए । मृतक विष्ट पूर्व शिक्षक हुन् । २०२३ सालबाट शिक्षण पेशा थालेका उनले १२ वटा जति विद्यालयमा काम गरे । ताप्लेजुङ थुकिम्माको त्रिभुवन निमाविबाट शिक्षण सुरु गरेर आठराई निघुरादिन, हाङपाङ, तेह्रथुम चुहानडाँडाको शारदा मावि, पाँचथर सुभाङको निलगिरी मा.वि, फिदिम मावि फिदिम लगायतका विद्यालयहरुमा शिक्षण गर्दै अन्त्यमा झापा बिर्तामोड १० स्थित महेन्द्रज्योति मावि सैनिक बजारबाट २०६४ सालमा उनी सेवा निवृत्त भएका थिए । उनी भर्खरै महेन्द्र ज्योति माविमा लामो समय शिक्षण गरी अवकास प्राप्त भएको विद्यालयका प्रधानाध्यापक प्रेम लिम्बूले बताए । साहित्यिक व्यक्तित्व पनि रहेका विष्ट कर्तव्यनिष्ठ शिक्षक,ईमान्दार प्रगतिवादी श्रष्टा भएको लिम्बू संझिन्छन् । प्रगतिशील विचारधाराका विष्टले धेरैपल्ट प्रहरीको गिरफ्तारी, यातना, धेरै चोटी जेलवास बेहोरेको साहित्यकार पुन्य खरेलले बताए । उनको कृति 'मेरो अतीत हाम्रो आठराई' पढ्नेलाई उनको संघर्षशील व्यक्तित्वको अलिअलि जानकारी मिल्ने खरेलले बताए । साहित्यकार खरेलका अनुसार उनको त्यो कृति आठराईको वामपन्थीको इतिहास हो भन्दा हुने किसिमको छ । विष्टको दोस्रो कृति कवितासंग्रह 'तम्मर सुसाएको बिहानी' लोकार्पण भएको थियो । पछिल्लो कृति 'अग्रगमनका पाइलाहरु' उनको संघर्षशील स्मृतिका लेखहरुको संगालो हो । उनले त्यो प्रकाशित गरेर घरमा ल्याइसकेका थिए । तर त्यस कृतिलाई लोकार्पण गर्न सकेनन् ।योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या बिर्तामोडमा ५ पुगेको छ ।

## प्रदेश सांसद ओम सरावगीलाई कोरोना



***भद्रपुर (प्रस) ।*** प्रदेश १ का सांसद ओमप्रकाश सरावगीलाई कोरोना संक्रमण पुष्टि भएको छ । मेची प्रादेशिक अस्पतालको कोभिड उपचार केन्द्रमा गरिएको पिसिआर परीक्षणमा शुक्रबार उनलाई संक्रमण पुष्टि भएको हो ।

कांग्रेसको तर्फबाट प्रदेश १ मा प्रतिनिधित्व गर्ने प्रदेश १ का उनी सबैभन्दा जेठा सांसद हुन्। झापा भद्रपुरका स्थानीय बासिन्दा उनी ७७ वर्षका छन्।

दुई दिनअघि एकसय डिग्री ज्वरो आएपछि उनले पिसिआर परीक्षण गराएका थिए। सांसद सरावगीको स्वास्थ्य अवस्था सामान्य छ । उनीसँगै उनका भाइ नन्दप्रकाश सरावगी (नन्दु) र नातिलाई समेत संक्रमण पुष्टि भएको छ । अहिले सांसद सरावगीसहित तीनै जना होम आइसोलेसनमा रहेको कांग्रेस झापा क्षेत्र नम्बर ३ का क्षेत्रीय सभापति गणेश पोखरेलले जानकारी दिए ।

# झापामा एकैदिन तीन कोरोना संक्रमितको मृत्यु



***झापा (प्रस) ।*** झापामा कोरोना संक्रमणबाट संक्रमितहरुको लगातार मृत्यु हुँदै आएको छ । बिहीबार दुईजनाको मृत्यु भएको झापामा शुक्रबार थप तीनजनाको मृत्यु भएको हो । मृत्यु हुनेमा दमक , शिवसताक्षी र गौरादहका तीनैजना पुरुष रहेका छन् । गौरादह नगरपालिका १ का ८० वर्षिय बृद्धको विराटनगरको नोवेल हस्पिटलमा उपचारका क्रममा बिहान मृत्यु भएको हो । खनाल थरका ती बृद्ध चार दिनअघि उपचारका लागि विराटनगर गएका थिए । उनको कनकाई आर्यघाटमा नेपाली सेनाले अन्त्येष्टि गरेको छ । योसँगै गौरादहमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ५ पुगेको छ ।

त्यस्तै कोरोना संक्रमणबाट दमकमा शुक्रबार विहान एक जना पुरुषको मृत्यु भएको छ ।

दमक ४ घर भएका ४२ बर्षिय बिश्वकर्मा थरका पुरुषको स्थानीय दाहाल प्रतिष्ठानको आइसोलेसनमा उपचारका क्रममा शुक्रबार विहान मृत्यु भएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

चार दिनअघि संक्रमण देखिएपछि नगरपालिकाले तयार गरेको आइसोलेसनमा बसेका उनी मिर्गौलाका विरामी समेत भएको स्वास्थ्य शाखाका कुवेर भट्टराईले बताए।

योसंगै दमकमा कोरोना संक्रमणवाट मृत्यु हुनेको संख्या २ महिलासहित १५ जना पुगेको छ । दमकमा हालसम्म ४०९ जनामा संक्रमण देखिएकामध्ये आधा बढी उपचारपछि जाति भएको भट्टराईले बताए । उनका अनुसार संक्रमणबाट निको हुनेको संख्या २५४ छ भने सक्रिय संक्रमितको संख्या १४३ पुगेको छ ।

त्यस्तै शिवसताक्षीमा एक कोरोना संक्रमितको मृत्यु भएको छ । शिवसताक्षी नगरपालिका वडा नं. २ का भट्टराई थरका ३५ वर्षिय युवकको कोरोनाका कारण मृत्यु भएको हो । पाँच दिनअघि कोरोना संक्रमण पुष्टि भएपछि अक्सिजन राखेर उनी होम आइसोलेसनमा बसेका थिए । उनलाई स्वासप्रश्वासमा समस्या देखिन थालेपछि दुई दिनअघि नोवेल अस्पताल विराटनगर लगिएकोमा त्यही शुक्रबार विहान उनको मृत्यु भएको शिवसताक्षीका स्वास्थ्य शाखाका रोशन अधिकारीले जानकारी दिए । उनले दमकमा मोबाइल पसल संचालन गर्दै आएका थिए । मृतकका भाइको पनि वैदेशिक रोजगारीका लागि साउदी अरब गएका बेला करीव ६ महिनाअघि कोरोनाको कारण मृत्यु भएको थियो । मृतकको शुक्रबार नै नेपाली सेनाको टोलीले कनकाई माईमा दाहसंस्कार गरिएको अधिकारीले जानकारी दिए । शिवसताक्षीमा हालसम्म तीन जना कोरोना संक्रमित पुरुषको मृत्यु भएको छ । झापामा संक्रमणबाट ३४ जनाको मृत्यु भइसकेको छ ।

## पत्रकार महासंघ झापाका अध्यक्ष सापकोटालाई संक्रमण



भद्रपुर , कात्तिक १४ । नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तारामणि सापकोटालाई कोरोना संक्रमण पुष्टि भएको छ । कन्काई पिसिआर ल्याब कोटिहोममा गरिएको पिसिआर परीक्षणमा शुक्रबार अध्यक्ष सापकोटाको रिपोर्ट पोजिटिभ आएको हो ।

केही दिनयता ज्वरो आउने, जिउ र टाउको दुख्ने लगायतका लक्षण देखिएपछि अध्यक्ष सापकोटाले पिसिआर परीक्षण गराएका थिए । उनको स्वास्थ्य अवस्था सामान्य रहेको जनाइएको छ । आफू शिजगञ्जको चन्द्रडाँगीस्थित घरमा होम आइसोलेसनमा रहेको सापकोटाले जनाएका छन् ।

## कोरोनाबाट जोगिदै मनाए पैगम्बर मोहम्मदको जन्मोत्सव



***बिर्तामोड (प्रस) ।*** कोरोना भाइरसको बढ्दो महामारीका कारण इस्लाम धर्मावलम्वीहरुले सावधानीपूर्वक सामान्य ढंगले पैगम्बर मोहम्मदको १४९५ औं जन्मोत्सव मनाएका छन् । हरेक वर्षको १२ तारिखका दिन इस्लाम धर्मावलम्बीहरुले पैगम्बर मोहम्मद मुस्तफा सल्लला हो व-सल्लमको जन्मोत्सव हर्षोल्लासपूर्वक मनाउने गरेका छन् । जन्मोत्सवमा धार्मिक यात्रा निकाल्ने , भेला भएर पैगम्बर मोहम्दको मिलाद गर्ने ,एकापसमा खुशियाली साटासाट गर्ने , इष्टमित्रहरुलाई मिठो परिकार खुवाउने परम्परा त्यस समुदायमा रहेको छ । जसलाई जश्ने ईद मिलादुन्नवी भनिन्छ । कोरोना संक्रमणका कारण यस वर्ष उनीहरुले हर्षोल्लासपूर्वक सो पर्व मनाएनन् । यस अवसरमा बिर्तामोड ३ बिर्ताबजारस्थित मदरसा तालिमुल कुरानले पैगम्बर मोहम्मदको जन्मोत्सवको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्यो । सामाजिक दुरी राखेर शुभकामना आदान प्रदान गरी मिठाई बाँडेर खुशियाली मनाइएको थियो । शान्तिका दूत पैगम्बर मोहम्मद यस संसारमा आएको खुशियालीमा यो पर्व मनाउने गरिएको मदरसा तालिमुल कुरानका अध्यक्ष अफरोज खानले बताए । उनले संसारमा पैगम्बर मोहम्मद आएपछि महिलालाई जिउँदै गाड्ने , मानिसले मानिसलाई दास बनाउने जस्ता प्रथा अन्त्य भएको स्मरण गर्दै उनीप्रति आस्था र श्रद्धा राखेर पर्व मनाउने गरिएको जनाए । हिजरी संवत १२ तारिखमा जन्म लिएका पैगम्बर मोहम्मद १२ तारिखकै दिन यस संसारबाट विदा भएका थिए । सफा सुग्घर राखेर नुहाइ धुहाइ पैगम्बर मोहम्मदको प्रार्थना गर्ने , एकापसमा खुशियाली साटासाट गर्ने , मिठो खानेकुरा खाने परम्परा यस पर्वमा रहेको मोहम्मद गुलाम नवीले बताए । इस्लाम धर्मावलम्बीहरुले इदुल फित्र , कुर्वानी , मोहरम ,रमजानजस्ता चाडपर्व मनाउने गरेका छन् । झापामा करिव ४५ हजारको सँख्यामा मुस्लिम समुदाय रहेको अनुमान गरिएको छ । बिर्तामोडमा भने ३ हजारको हाराहारीमा रहेको मदरसा तालिमुल कुरानका अध्यक्ष खानले बताए ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



## माता पाथिभरा फर्निचर

बिर्तामोड-७, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर

9841351368, 9806035571



थ्री पिस दराज
बक्स पलङ
टु पिस दराज

लगायत घरायसी सजावटका सम्पूर्ण फर्निचरका सामानहरु ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

# त्रिविका आंशिक लेक्चररले पाएनन् ज्याला

*झापा (प्रस)* । काठमाडौंको पद्मकन्या क्याम्पस पढाउँदै आएकी सविता विमलीले एक वर्षदेखि पारिश्रमिक पाएकी छैनन्।

स्नातकोत्तरमा नेपाली विषय पढाउँदै आएकी उनले गत वर्ष कात्तिकदेखि पारिश्रमिक नपाएकी हुन्। उनले पद्मकन्यामा पढाउन थालेको १२ वर्ष हुँदैछ।

उनीजस्तै त्रिभुवन विश्वविद्यालय र आंगिक क्याम्पसका आंशिक लेक्चररहरूले लामो समयदेखि पारिश्रमिक पाएका छैनन्।

दुई हजारभन्दा बढी संख्यामा रहेका आंशिक लेक्चररले लकडाउनपछि त सुको पैसा नपाएको गुनासो गरेका छन्।

पढाएको दिनको पारिश्रमिक पाउने उनीहरूलाई लकडाउनदेखि यताका दिन अनलाइनबाट पढाए पनि ज्याला दिइएको छैन।

'एक वर्षदेखि पारिश्रमिक पाएको छैन। दसैं मनाइनँ, तिहार मनाउन दिन्छ कि दिँदैन थाहा छैन,' विमलीले भनिन्, 'लकडाउनका बेला र अहिले पनि घरमै बसेर पढाइरहेका छौं।'

गत वैशाखदेखि नै आंशिक लेक्चररलाई राहत दिन माग गरे पनि विश्वविद्यालयले गुनासो सम्बोधन नगरेको उनले बताइन्।

'खाइपाइ आएको पैसा राहतस्वरूप सरकारले दिओस् भनेको दिएनन्,' उनले भनिन्, 'उपत्यकाभित्रका क्याम्पसहरू राहत दिन सक्षम नै छन्। तै पनि दिएनन्। नसक्ने क्याम्पसलाई विश्वविद्यालयले नै पैसा पठाओस् भनेका पनि हौं, तर मानेनन्।'

ठमेलको सरस्वती क्याम्पस पढाउँदै आएका नारायण कोइरालाले गत चैतयता पढाएको पारिश्रमिक अझै पाएका छैनन्।

'लकडाउनपछि अनलाइनबाट पढाइयो। कोर्स पूरा भइसकेको छ। तर पैसा पाएको छैन,' उनले भने, 'क्याम्पस प्रमुखले पैसा देऊ भन्नु हुन्छ। तर लेखा र प्रशासनले पढाएको रेकर्ड खोज्छन्। पढाएको सबै कक्षाको फोटोलगायत रेकर्ड हामीले पनि खिचेर राखिएन।'

त्रिविले अनलाइन पठनपाठनका लागि निर्देशिका जारी गर्नुपहिले नै क्याम्पसले आफूहरूलाई कक्षा लिन लगाएकोले रेकर्ड नराखिएको उनको भनाइ छ।

'पढाएर कोर्स सकियो। पछिमात्रै निर्देशिका आयो,' उनले भने, 'अनलाइन क्लास पढाएको पैसा दिने तर रेकर्ड चाहियो भन्छन्। स्नातक पहिलो वर्ष पढाएको त रेकर्ड आएको छ। दोस्रो र तेस्रो वर्ष व्यक्तिगत आइडीबाट पढाएकोले रेकर्ड छैन। त्यतिखेर त्रिविले आइडी पनि दिएको थिएन।'

आंशिक लेक्चररहरूले पढाएको बेलाको पनि पारिश्रमिक नपाएको र आफूहरूलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्नुपर्ने माग अगाडि सारेर आन्दोलन पनि गरेका छन्।

'हाम्रा समस्या र मागबारे दुबै सदन र समितिहरूमा पनि कुरा उठेको हो। छलफल भएको हो। शिक्षा मन्त्रीसँग पनि यसबारे कुरा भएको थियो। उहाँले समस्या बुझेको बताउनु भएकै हो,' विमली भन्छिन्, 'त्रिविले आफूलाई स्वायत्त निकाय हुँ भन्छ। दसौं पटक मन्त्री र प्रधानमन्त्रीसँग भेट गर्ने त्रिवि पदाधिकारीले आंशिकहरूले उठाएका माग समाधानलाई पहल किन गरेनन्?'

त्रिविले स्नातक तहमा पढाउनेलाई तीन सय ६० रुपैयाँका दरले एक पिरियडको पैसा दिने गर्छ। सेमेस्टर प्रणालीमा स्नातकोत्तर पढाउनेलाई छ महिनाको ४५ हजार रूपैयाँ दिने गर्छ।

आफूहरूको माग पूरा नभए अब परीक्षा सञ्चालन गर्ने जनशक्तिको अभाव हुने पनि विमलीले बताइन्।

**वार्ता गर्न समिति गठन**

आन्दोलनरत आंशिक लेक्चररहरूले त्रिविसँग वार्ता गर्न पाँच सदस्यीय समिति गठन गरेका छन्। दसैं-तिहारका लागि आन्दोलन रोकेका उनीहरूले त्रिविले वार्ता गर्ने बताएपछि आफ्ना तर्फबाट समिति गठन गरेका हुन्।

आन्दोलनरत आंशिक प्राध्यापक संघका अध्यक्ष चन्द्रबन्दना राई, सहअध्यक्ष नारायण कोइराला, राजन ढुंगाना, मोहन घिमिरे र हरिकृष्ण राई रहेको वार्ता समिति गठन गरिएको हो।

त्रिविका तर्फबाट भने अहिलेसम्म वार्ता समिति गठन भएको छैन।

त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ र नेपाल प्राध्यापक संघलाई रोहवरमा राखेर त्रिविसँग वार्ता गरी समस्या समाधान गरिने कोइरालाले बताए।

त्रिविका शिक्षाध्यक्ष शिवलाल भुसालले अनलाइन कक्षा लिनेलाई पारिश्रमिक दिन त्रिविले नरोकेको बताए।

'अनलाइन कक्षा लिएको छ भने क्याम्पसलाई भन्ने पारिश्रमिक लिने हो,' उनले भने, 'पढाएबापत् पारिश्रमिक दिनू भनेर त्रिविले क्याम्पसहरूलाई भनिसकेको छ।'

पारिश्रमिक दिन क्याम्पसहरूलाई आर्थिक अभाव नभएको पनि उनले बताए। आंशिकलाई अहिले नै विश्वविद्यालयले करार गर्न नसक्ने उनको भनाइ छ।

# शुक्रबार कांग्रेस केन्द्रीय समितिको बैठक

*झापा (प्रस)* । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठक आउने शुक्रबार बस्ने भएको छ। बैठक पार्टीको केन्द्रीय कार्यालय ललितपुरमा अपराह्न १ बजे बस्ने कांग्रेसले जनाएको छ।

पार्टीको आगामी १४ औं महाधिवेशनको तयारी सन्दर्भमा हुने उक्त बैठकमा केन्द्रीय कार्यसमितिका पदाधिकारी, केन्द्रीय सदस्यहरु तथा आमन्त्रित केन्द्रीय सदस्यलाई उपस्थित हुन पार्टीले अनुरोध गरेको छ । कांग्रेसले फागुन ७ देखि १० गतेसम्म पार्टीको १४औं महाधिवेशन गर्ने गरी तालिका सार्वजनिक गरे पनि अहिलेसम्मको तयारीले त्यो संभावना निकै कमजोर देखिएको छ। अधिकाँश नेताहरूले फागुनमा संभव नहुने भन्दै मिति सार्न सुझाव दिएका छन्। संभवतः शुक्रबारको बैठकमा महाधिवेशनको कार्यतालिका परिवर्तनबारे छलफल भएर निर्णय हुनेछ । महाधिवेशनको मिति सर्ने लगभग निश्चितजस्तै भएको एक केन्द्रिय सदस्यले बताए।

असार १३ गतेको केन्द्रीय समितिको बैठकले संशोधित कार्यतालिका पारित गरेको थियो। संशोधित कार्यतालिका अनुसार ०७७ पुस ६ मा गाउँ र नगर वडा अधिवेशन गर्ने, पुस ८ मा गाउँ र नगरपालिका अधिवेशन गर्ने, पुस ११ मा प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने, पुस १३ मा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन (एक मात्र निर्वाचन क्षेत्र भएका जिल्ला अधिवेशन) गर्ने, पुस १६ मा (एकभन्दा बढी प्रतिनिधि सभा निर्वाचन क्षेत्र भएको जिल्लामा) अधिवेशन गर्ने, माघ ६ मा प्रदेश अधिवेशन गर्ने र फागुन ७ देखि १० सम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने गरी निर्धारण गरिएको थियो।

महाधिवेशनको क्यालेन्डरअनुसार न क्रियाशील सदस्यता वितरण तथा नेतृत्व चयनको प्रकृया अघि बढ्न सकेको छ न त यसको व्यवस्थापकीय तयारी सुरु भएको छ । महाधिवेशनको क्यालेन्डरसँगै चर्केको आन्तरिक किचलोले पनि तयारी प्रभावित भएको छ।

कोरोना संक्रमणको महामारीले गर्दा पनि कार्यतालिकाअनुसार स्थानीय तहमा काम हुन सकेको छैन। पहिले नै सक्नुपर्ने संगठन समायोजनको काम अझै सकिएको छैन ।असार मसान्तभित्र पार्टीको अन्तरिम संरचना समायोजनका काम सकाउने अनि साउन मसान्तभित्रै क्रियाशील सदस्यता नविकरण र वितरणको काम सकाउने भनिएको थियो। यी दुवै काम सकिएको छैन। मंसिर २५ सम्म नयाँ क्रियाशील र नवीकरण सदस्यको नामावली केन्द्रीय सभापतिलाई बुझाउने र मंसिर मसान्तभित्र



केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावली अन्तिम सूची केन्द्रीय निर्वाचन समितिलाई बुझाउने उल्लेख गरिएको छ। यो कार्यतालिका अनुसार क्रियाशील सदस्यताको काम सकिने संभावना छैन।

रामचन्द्र पौडेलसहितको असन्तुष्ट पक्षले क्रियाशील सदस्यतासहित १४औं महाधिवेशन स्वच्छ, निष्पक्ष हुनेमा आशंका व्यक्त गर्दै केन्द्रीय कार्यालय सानेपामा विरोधपत्र दर्ता गराइसकेको छ। नेता पौडेल, महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंहसहितका २७ केन्द्रीय सदस्यको हस्ताक्षसहितको विरोधपत्र दर्ता गराउँदै आफ्ना माग पूरा नभए विरोधका थप कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेका छन् ।

विधानअनुसार वर्तमान केन्द्रीय समितिको ४ वर्षको कार्यकाल गत फागुनमै सकिएको छ। विधानको व्यवस्थाअनुसार एक वर्ष कार्यकाल थप गर्दै १४औं महाधिवेशन फागुन ७ देखि गर्ने भनी गत माघ १३ गते बसेको केन्द्रीय समिति बैठकले निर्णय गरेको थियो। अतिरिक्त एक वर्ष कार्यकाल बढाउन पाउने पार्टी विधानको सुविधा उपयोग गर्दै आएको कांग्रेसले फागुनमा महाधिवेशमा महाधिवेशन गर्न नसके संविधानले दिएको विशेष मौका गुहार्नुपर्ने अवस्था आउनसक्छ। एक वर्ष म्याद थप्दा पनि हुन नसके विशेष परिस्थितिमा थप छ महिनामा महाधिवेशन गर्नसकिने संवैधानिक व्यवस्थाको बाटो हेरेर कांग्रेस महाधिवेशनको मिति सार्ने आन्तरिक छलफलम लागेको छ।

संविधानले दिएको त्यो सुविधा प्रयोग गर्दा भदौंसम्म महाधिवेशन गर्ने नयाँ कार्यतालिकासहितको नयाँ मिति ल्याउन सक्नेछ। संविधानले दिएको अन्तिम मौकाको संघारमा महाधिवेशन मिति तय गर्दा विशेष परिस्थितिका कारण फेरि सार्नुपर्ने अवस्था आए त्यसले ठूलो नैतिक प्रश्न खडा हुने र पार्टीको कानुनी अस्तित्व नै विवादमा पर्ने वैशाख वा जेठ भन्दा पर महाधिवेशन सार्न नहुनेमा कांग्रेस नेताहरुको जोड देखिन्छ। कोरोना संक्रमण कम नभए संवैधानिक संकट टार्न कसरी महाधिवेशन गर्ने भन्ने विकल्पमा पनि छलफल भइरहेको छ।

प्रतिदिन दैनिक अब इ- पेपरमा पनि
www.pratidindaily.com

# कोरोना संक्रमित कर्मचारीले १४ दिन बिदा पाउने

*झापा (प्रस)* । सरकारले कोरोना संक्रमित निजामती कर्मचारीलाई १४ दिन बिदा दिने तयारी गरेको छ । संक्रमण भएपछि सामान्यतया १४ दिन आइसोलेसनमा बस्नुपर्ने सरकारको नियमअनुसार बिदा दिन लागिएको हो ।

कर्मचारीमा संक्रमण हुने क्रम बढ्दै गएकाले उपचारको समयमा छुट्टै बिदाको माग हुन थालेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यससम्बन्धी प्रस्ताव मन्त्रिपरिषदमा लैजाने तयारी गरेको छ ।

निजामती कर्मचारीले वर्षमा १२ दिन बिरामी बिदा पाउँछन् । तर, कोरोना संक्रमण भएको वेलालाई त्यो बिदाले नपुग्ने भएकाले छुट्टै बिदा दिने तयारी भएको मन्त्रालयले जनाएको छ । 'कोरोना संक्रमित कर्मचारीलाई बिदा दिनेबारे गृह र स्वास्थ्य मन्त्रालयसँग छलफल चलिरहेको छ,' संघीय मामिला मन्त्रालयका सहसचिव वसन्त अधिकारीले भने, 'यससम्बन्धी प्रस्ताव हाम्रो मन्त्रालयले अघि बढाउने कि गृह मन्त्रालयले भन्ने टुंगो लागिसकेको छैन ।'

गृह मन्त्रालयका प्रवक्ता चक्रबहादुर बुढाले यसबारे छलफल भएको र कर्मचारीसँग सम्बन्धित विषय भएकाले संघीय मामिला मन्त्रालयले नै प्रस्ताव मन्त्रिपरिषद् लैजान उचित हुने राय दिइएको बताए ।

यसअघि लकडाउनको अवधिमा कर्मचारीलाई सार्वजनिक बिदाको सुविधा दिने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो । संक्रमित कर्मचारीको हकमा पनि त्यस्तै निर्णय गर्न लागिएको छ ।

मुख्यसचिवसहित एक हजारभन्दा धेरै कर्मचारी संक्रमित

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार एक हजारभन्दा धेरै निजामती कर्मचारी कोरोना भाइरसबाट संक्रमित भइसकेका छन् । पूर्ण विवरण प्राप्त भइनसकेको, तर एक हजारभन्दा धेरैमा संक्रमण भइसकेको मन्त्रालयका प्रवक्ता अधिकारीले बताए । सेवा दिने कार्यालयका कर्मचारीहरू धेरै संक्रमित भएका छन् ।

सिंहदरबारका विभिन्न मन्त्रालयमा कार्यरत कर्मचारीहरू पनि संक्रमण हुने क्रम बढेको छ । मुख्यसचिव शंकरदास बैरागी आफैं संक्रमित भएकाले आइसोलेसनमा छन् । उपत्यकासहित सेवा दिने अधिकांश कार्यालयहरू फूलपातीदेखि नै बन्द भएकोमा कहिलेदेखि सेवा सुचारु गर्ने भन्ने टुंगो लागेको छैन । काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालमा समेत बिहीबार संक्रमण देखिएको छ । उपत्यकाका धेरैजसो मालपोत, यातायात कार्यालय बन्द छन् । जिल्ला प्रशासन र वडा कार्यालयले पनि अत्यावश्यक मात्र सेवा दिएका छन् । सरकारले सबै निजामती कर्मचारीको कोरोना बिमा गर्ने निर्णय गरेको थियो । सम्बन्धित कार्यालयले नै बिमा गर्न परिपत्र भए पनि कतिपय कार्यालयमा आफ्ना कर्मचारीको बिमा नगरेको पाइएको सामान्य प्रशासन मन्त्रालयका एक कर्मचारीले बताए ।

# बिर्तामोड ९ मा लालुपाते कृषक समूह

*बिर्तामोड (प्रस)* । झापाको बिर्तामोड नगरपालिका-९ स्थित कोलाटोलीमा कृषक समूह गठन गरिएको छ । कोलाटोली नमुना टोलमा लालुपाते कृषक समूह गठन गरिएको हो। जेष्ठ नागरिक महेश्वर कार्कीको अध्यक्षतामा भएको स्थानीय कृषकहरुको भेलाले रत्न बस्नेत अध्यक्ष रहेको लालुपाते कृषक गठन गरेको हो। समूहको उपाध्यक्षमा बिश्वेश्वर राजवंशी,सचिवमा बिमल निरौला, सहसचिवमा रमेश कार्की, कोषाध्यक्षमा चन्द्रकला लुइटेल बस्नेत रहेका छन्। त्यसैगरी सदस्यमा बिमला दाहाल भट्टराई, योगमाया पौड्याल, जसबहादुर तामाङ र नुनाई बेस्रा रहेका छन्। त्यस्तै भोलानाथ पौड्याल संयोजक तथा महेश्वर कार्की र विष्णु पौडेल सदस्य रहेको सल्लाहकार समिति समेत गठन गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड-९का वडा सदस्य बालकृष्ण कार्कीले राज्यबाट प्रदान गरिने सेवा सुविधा सहजरुपमा प्राप्त गरी व्यावसायिक सफलताका हासिल गर्न सबै कृषक समूहमा आबद्ध भई जागरुक रहनुपर्ने बताए । कोलाटोली नमूना सरसफाई संस्थाका अध्यक्ष गणेश श्रेष्ठ, कोलाटोली टोल विकास संस्थाका उपाध्यक्ष चन्द्र बस्नेत, गौरीप्रसाद घिमिरेलगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन भोलानाथ पौड्यालले गरेका थिए ।

# कलाकार सुशीला दाहालको निधन



*झापा (प्रस)* । कलाकार सुशीला दाहालको ६७ वर्षको उमेरमा निधन भएको छ । पछिल्लो वर्षयता अमेरिका बस्दै आएकी उनको क्यान्सरको कारण बिहीबार 'बस्टन'मा निधन भएको कलाकार हरिवंश आचार्यले बताए । 'मह जोडी'सँग उनले चर्चित टेलीश्रृंखला 'लालपूर्जा', 'चिरञ्जीवी', 'भकुन्डे भुत' लगायतमा अभिनय गरेकी थिइन् । 'हाम्रो हिट सिरियल लालपूर्जामा उहाँले मेरो आमाको भूमिका निभाउनु भएको थियो । 'चिरञ्जीवी' भन्ने सिरियलमा मेरो छोरीको भूमिका निभाउनु भएको थियो । उहाँ असाध्यै मिलनसार हुनुहुन्थ्यो,' हरिवंश सम्झन्छन्, 'सुटिङमा पनि सहयोगी भावना राख्नुहुन्थ्यो । एकदमै सकारात्मक सोचको व्यक्ति हुनुहुन्थ्यो । उहाँ मलाई भाइ भनेर सम्बोधन गर्नुहुन्थ्यो । मलाई पनि उहाँ आफ्नै दिदीजस्तो लाग्थ्यो । राम्रो अभिनय गर्ने कलाकारमा पर्नुहुन्थ्यो ।'

उनी अमेरिका बस्न थालेको ९-१० वर्ष भएको थियो । अमेरिकामा दुई पटक उनीसँग हरिवंशको भेट भएको थियो । 'चार वर्षअगाडि मात्रै अमेरिका गएको बेलामा उहाँसँग भेटेका थियौं । हाम्रो कार्यक्रम हेर्न आउनु भएको थियो,' उनले सुनाए, 'उहाँलाई क्यान्सर भएको रहेछ । कस्तो हुनुहुन्छ ? भनेर सोध्दा मलाई ठीक हुन्छ भाइ क्यान्सरसँग लड्दै छु भन्नुहुन्थ्यो । क्यान्सर लागेर पनि झण्डै झण्डै ७-८ वर्ष बाँच्नुभयो दिदी । आज बिहान उहाँको निधनको खबर सुनें । निकै मर्माहित बनायो ।' अमेरिका जानुअघि सुशीलाले नेपाली फिल्ममा अभिनय गर्थिन् । उनको निधनको तीन दिनअघि श्रीमान् बद्री दाहालको पनि अस्ट्रेलियामा मृत्यु भएको परिवार स्रोतले जनाएको छ । सुशीलाका एक छोरा र एक छोरी छन् ।

प्रतिमा जमुना मेडिकल स्टोर एण्ड क्लिनिक
मेचीनगर -१०, धुलाबारी, झापा

| | |
|---|---|
| डा. रोशन पोखेल<br>MBBS MD (TU. TH.)<br>वरिष्ठ टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ<br>NMC NO: 3121<br>प्रत्येक महिनाको पहिलो शनिवार बिहान १०: ०० बजे | डा. जय कुमार ठाकुर<br>MBBS D.C.H.M.D. ( TU)<br>वरिष्ठ स्त्री रोग विशेषज्ञ<br>प्रत्येक बिहिबार<br>दिउँसो ०३: ३० बजे देखी |
| डा. सि.बि. झा<br>MBBS MD (TU)<br>वरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ<br>प्रत्येक महिनाको दोश्रो र चौथो बुधबार | डा. रईस पोखरेल<br>MBBS MS (TU. TH. Iom) (Ent & HNS)<br>वरिष्ठ नाक कान घाँटी टाउको रोग विशेषज्ञ<br>प्रत्येक शनिबार बिहान ०९ बजेदेखी |
| डा. कुमुद कुमार लिम्बु<br>MBBS M.S. (Ortho)<br>वरिष्ठ हाड जोर्नी तथा नशा रोग विशेषज्ञ<br>प्रत्येक शनिबार बिहान १०: ०० बजेदेखी | डा. लता श्रेष्ठ<br>MBBS M.D. (M.S.)<br>स्त्री तथा प्रशुती रोग विशेषज्ञ<br>प्रत्येक शनिबार दिउँसो<br>१२ बजेदेखी ०२ बजे सम्म |
| डा. केशव ढकाल<br>MBBS M.D. Dermatologist<br>छाला तथा यौन रोग विशेषज्ञ | डा. पोषण रमण त्रिपाठी<br>MBBS (T.U.), MDGE (BPKISH, Dharan)<br>Family Physcian |
| डा. प्रेम पौडेल<br>MBBS M.D. Physician<br>मुटु ,छाती , प्रेसर, दम, पेट, सुगर सम्बन्धी विशेषज्ञ | सि. एन. सिंह<br>HAGM, (IOM) TU<br>प्रत्येक दिन बिहान ०७ बजेदेखी बेलुका ०७ बजेसम्म |
| इन्दु सुब्बा<br>ANM ( छैठौ तह) (TU) | |

प्राथमिक स्वास्थ्य केन्द्र गेट अगाडी
धुलाबारी, झापा
सम्पर्क: ०२३-५६१५६६, ५६०७९२, ९८५२६७१८०२, ९८०७९३१३८२

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

## कोरोनाको कालमा हामी

झापामा बिहीबार दुई जना कोरोना संक्रमितको मृत्यु भयो । शुक्रबार पनि तीन जना संक्रमितको मृत्यु भएको छ । प्रत्येक दिन कोरोना संक्रमितको मृत्यु हुँदै आएको छ । कोरोना महामारीको चाप ह्वात्तै बढेसँगै संक्रमितलाई औषधोपचारका लागि स्वास्थ्य क्षेत्रमा रहेका पूर्वाधार र संरचना अपर्याप्त हुन गएको छ । बिरामीका लागि पर्याप्त आईसीयू, भेन्टिलेटर र अति आवश्यक स्वास्थ्यकर्मीको संख्या पर्याप्त नहुँदा गम्भीर प्रकृतिका बिरामी पनि बेवारिसे अवस्थामा रहन पुगेका छन् । उनीहरूले निकै ठूलो सास्ती भोग्न बाध्य भइरहेका छन् ।

गम्भीर रूपमा संक्रमित बिरामीको समयमै आवश्यक उपचार हुन नसक्ने हो भने महामारीको संक्रमणबाट हुन सक्ने हताहतीको संख्या पनि निकै बढेर जान सक्ने देखिएको छ । झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ३४ पुगेको छ । अहिलेदेखि नै अस्पतालमा बिरामी पुग्दा राख्ने स्थान, उपचार कक्ष, आवश्यक स्वास्थ्यकर्मी पाउन सकिरहेका छैनन् । नेपालीहरू सामान्य भाइरल बिरामीका लागि उपचार गर्न भन्दै अस्पताल जाने गर्दैनन् । अस्पतालमा पुग्ने भनेका बिरामी रोगले निकै थलिएका र इमर्जेन्सी सेवा लिनेहरू मात्र हुन्छन् । त्यसो त सामान्य रोग र चोट नेपालीका लागि त्यसै पचिरहेका पनि हुन्छन् । कोभिड–१९ को महामारी निकै चढ्दै गए पनि नेपालीले यसलाई सहज नै बनाइरहेका छन् । सरकारको त्यति भर पनि छैन र आशा पनि छैन । त्यसैले उनीहरूले चेकजाँच आफैंले गर्ने, रोग लागे नलागेको पत्ता लगाउने र उपचार आफ्नै घर बसेर गर्ने गरिरहेका छन् । होम आइसोलेसन निर्माण गरेर परिवारको सहयोग लिँदै आफूलाई निको पारिरहेका छन् ।

तर, परिस्थिति सधैं यस्तै रहिरहला भन्ने छैन । यो स्थिति बढ्दै गएमा घरघर आइसोलेसनमा बसेकालाई पनि अस्पतालको विशेष सेवा आवश्यक पर्न सक्छ तर सरकारले अहिलेदेखि नै त्यस विषयमा गम्भीरतापूर्वक मनन गर्न सकेको छैन । त्यसैले पनि आगामी दिन झनै खराब बन्न सक्छ । अहिले पनि सीमित मात्रामा रहेका बिरामीले अस्पतालमा आईसीयू र भेन्टिलेटर पाइरहेका छैनन् । बिरामीले भनेका बेला सेवासुविधा नपाउँदा आम रूपमा जनगुनासो बढेर गएको छ । जाँदा वास्ता नगरिदिने, उपचारमा प्राथमिकता नदिने, आवश्यक उपचार कक्षको अभाव देखाउने आदि कारणले पनि संक्रमितहरू घरमा बसिरहेका छन् र सरकार सूचनाविहीन अवस्थामा छ । कतिपय उपचार नै गराऔं भनी दौडधूपका साथ अस्पतालमा पुग्दा पनि स्थानाभाव देखाएका कारण त्यत्तिकै घरमा फर्किएका छन् ।

# चियापान- राष्ट्रियता र प्रजातन्त्रका पक्षमा थालिएको राजनीतिक भेटघाटको माध्यम



❖ हरिविनोद अधिकारी

नेपाली काँग्रेसले यसपटक कोजाग्रत पूर्णिमा दिन गर्ने राजनीतिक भेटघाट प्रयोजनको चियापान नगर्ने निधो गरेको समाचार आएको छ जुन चियापानको चलन बीपीले २०३५सालबाट सुरु गर्नु भएको थियो चाबहिलको आफ्नो निवासको सानो आँगनबाट । बीपी त्यो ताक स्वर्गीय तारिणीप्रसाद कोइरालाको निजी निवास चाबहिलको जयवागेश्वरीमा बस्नुहुन्थ्यो ।

यसपटक कोरोना कहरका कारणले धेरै परम्परागत चलनहरु स्थगित भएका छन् । कतिपय साँस्कृतिक चलनहरु पनि या त स्थगित गरिए या त छोटोरुपमा मनाइए । दसैंको चाड पनि त्यस्तै मेसोमा परेको छ । सकेसम्म जोगिएर मनाउने कुरामा सबै संयमित देखिन्छन् किनभने यही दसैंताक नै काभिड–१९ ले आफ्नो गति तीब्र बनाएको छ । कोरोना संक्रमणका कारणले चिकित्सालयहरुमा तत्काल सेवा चाहिनेहरुका लागि पनि सेवाको प्रवन्ध गर्न नसक्ने अवस्था देखिएको छ । यसै मारमा २०३५सालदेखि बीपी कोइरालाले सुरु गर्नु भएको राजनीतिक भेटघाटको माध्यम बनेको चियापान पनि परेको छ । नेपाली कांग्रेसले यसपटकको कोजाग्रत पूर्णिमामा चियापानको माध्यमबाट गरिने राजनीतिक सहिष्णुताको प्रतीक चियापान नगर्ने निधो गरेको छ । कहिले शीर्षस्थ नेताहरुको निधनमा त कहिले मुलुकमा दैवी प्रकोपबाट भएका जनधनको हानिका बेलामा मृतक र पीडितहरुको सम्झनामा पनि चियापानको व्यवस्था गरिएको थिएन ।बीपी कोइराला जब २०३३ सालमा राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर तत्कालीन अवस्थाको खतरनाक अवस्थामा नेपाल आउनु भयो, त्यो बेलामा बीपीले एउटै कुरामा जोड दिनु भएको थियो –नेपालको अस्मितामाथिको कालो बादल । नेपाललाई कतैबाट निल्ने जस्तो अवस्था अनुभूत गरेर स्वनिर्वासनबाटै भए पनि नेपाल निःशर्त फर्कनु भएको थियो आफ्ना सहकर्मी समकक्षी नेता गणेशमान सिंहसँगै । बीपीले सशस्त्र क्रान्ति गर्नुभयो प्रजातन्त्रका लागि, राजासँग विवाद गर्नुभयो प्रजातन्त्रका लागि तर बीपी चाहनु हुन्थ्यो –नेपालको राष्ट्रियतामा कालो बादल मडारिएको छ, आफूमा आएको त्यो अन्तर्दृष्टिसहितको दूरदृष्टि सबैमा सम्यक तरिकाले वितरण गर्न चाहनु हुन्थ्यो, भन्न चाहनु हुन्थ्यो । त्यसैले सबैमा त्यो सन्देश पुऱ्याउन त जरुरी थियो तर उहाँमाथि प्रतिवन्ध थियो, उहाँ कारागारमा हुनुहुन्थ्यो । उहाँमाथि त्यस्ता ७–७ ओटा मुद्दा थिए विशेष अदालतमा थिए कि कुनै पनि मुद्दाले उहाँलाई तत्कालीन अवस्थामा फाँसीको सजाय हुनसक्थ्यो । मुलुक झन झन राजनीतिक कठोरतातर्फ जाँदै थियो

**आज राजतन्त्र पनि छैन तर मुलुकको अवस्था झन झन राष्ट्रिय मेलमिलापको आवश्यकताले गाँजेको देखिन्छ । अवस्था बीपीले त्यो बेलामा दिएको सिद्धान्तभन्दा हामी टाढा पुगेका रहेनछौँ ।**

र पनि बीपीको त्यो अन्तर्मनको त्रासदीले निकास पाउँदै थियो ।

बीपीले एउटा भयावह सपना देख्न थाल्नु भएको थियो, यदि नेपालीहरु एक भएनौं भने यो देशको अस्मिता एकदिन, एकाविहानै चाँडै समाप्त हुनेछ । कसले भनेर किटान नगरेकाले कसैले त्यो दोष भारततिर लगाए भने कसैले चीनतिर देखाए । तर बीपीको स्पष्ट संकेत के थियो भने निरंकुश शासनमा शासनमा बस्नेलाई खुसी पारेर भित्रभित्रै खोक्रो पार्ने चलन हुनाले नेपाल विदेशीहरुको खेल मैदान बन्न थालेको छ र त्यसबाट एकाविहानै राजाको शासन पनि जानेछ र सँगै नेपाल भन्ने देश पनि जानेछ । बीपीको प्रत्यक्ष निगरानीमा छापिने तरुण पत्रिका एकपटक यस्तो लेखिएको थियो मिश्रका रक्तपातविहीन क्रान्तिबाट अपदस्थ भएका राजा फारौंको भनाइ–अब संसारमा मात्र ५ओटा बादसाह मात्रै रहनेछन्,तासमा४ओटा के चिन्ह भएका बादसाह र बेलायतका एउटा बादसाह । अर्थात् अघिल्ला दिनसम्म, सुत्नेबेलासम्म कतै केही छनक नभएको मिश्रमा भोलिपल्ट राजा अपदस्थ भएका थिए रक्तपातविहीन क्रान्तिबाट । त्यस्तै हुँदैछ नेपालमा राजाका नाममा मुलुक खोक्रो हुँदैछ राष्ट्रियताका विरुद्धमा भित्रभित्रै केही भइरहेको छ । त्यसलाई कसैले सिक्किमसँग जोडेर भने त कसैले तिब्बतसँग जोडेर भने तर बीपीले कुनै देशको नाम लिनु भएको थिएन । अनि राजालाई सचेत गराउन र राजाबाट सेनाको प्रत्यक्ष सहयोगबाट प्रजातन्त्रको घाँटी निमोठेकाले राजाले नै यसमा सजग भई प्रजातान्त्रिककरणमा जनतासँग सहकार्य गरुन् भन्ने बुझ्न सकिन्थ्यो । यसलाई बीपीले राजासँग राष्ट्रियताको प्रश्नमा एकता र प्रजातन्त्रका पक्षमा संघर्षको नीति लिनु भएको थियो ।बीपीलाई नेपाल प्रवेश गरेकै बेलामा अर्थात् २०३३साल पुस १६गतेबाट नै थाती राखिएको मुद्दा ब्युँताएर सुन्दरीजल जेलमा लगियो । पछि बीपीलाई विशेष अदालत ल्याउन र लैजान पर्ने भएकाले गणेशमानजी र बीपीलाई प्रहरी तालिम केन्द्र, महाराज गन्जमा हिरासतमा राखिएको थियो । त्यहीबिच बीपीको क्यान्सरको अवस्था खतराजनक देखिएकाले बीपीलाई ओखती गर्न राजाले विदेश समेत पठाए । बीपी कहिले बाहिर त कहिले हिरासतमा रहन थाल्नु भयो । अचानक नेपाली राजनीतिक वृत्तमा नयाँ नयाँ समीकरण देखा पर्न थाले राष्ट्रिय कारणले र अन्तराष्ट्रिय कारणले पनि । २०३५साल भदौमा बीपीलाई उहाँकै रोहबरमा जब छोडियो अनि बीपीले आफ्ना कुराहरु सार्वजनिकरुपमा भन्न थाल्नुभयो । अनि बीपीसँग कुरा गर्न भनेर सरकारले पनि मानिस पठाउँथ्यो होला तर बीपीका समकालीन तथा मुलुकलाई माया गर्ने नेताहरु बेलामौकामा त आउँथे तर बीपीको निवासमा प्रवेश गर्ने ठाउँमा गुप्तचरहरु हुन्थे । त्यो बेलामा बीपीप्रतिको निगरानी नेपालले मात्र गर्दैनथ्यो, बाहिरी शक्तिहरुले पनि उत्तिकै चासोका साथ वास्ता गरिरहेका हुन्थे । बीपी तत्कालीन भारतका राजकीय नेतृत्वसँग नेपालका वारेमा विवाद भएपछि आफ्नो देश फर्कनु भएको भनेर अन्तराष्ट्रिय प्रेसले बारम्बार भनेको थियो । बीपीको पक्षमा सोसलिस्ट इन्टरनेसनल त थियो, उनीहरु नेपाललाई दबाब दिने हैसियत त राख्थे तर उनीहरु नेपालमा हस्तक्षेप नगरुन् भन्ने बीपीकै चाहना थियो । आफैँ नेपालमा राष्ट्रिय एकताको अवस्था सृजना गर्न सक्षम रहेको उहाँमा एउटा दृढ भावना देखिन्थ्यो, चहक देखिन्थ्यो अनुहारमा कि नेपालको समस्याको समाधान नेपालीले आफैँ गर्न सक्छौँ ।

त्यही प्रसङ्गमा बीपीले राष्ट्रियता र प्रजातन्त्रका पक्षमा एकता होस् भन्ने सकारात्मक सामाजिक सन्देश दिनका लागि भए पनि भेटघाटको प्रसङ्ग तयार गर्नुभयो –२०३५सालको दसैंको कोजाग्रत पूर्णिमा दिन चियापानको निहुँमा व्यापक क्षेत्र ओगटेर भेटघाट गर्ने । त्यो क्षेत्र राजनीतिक, सामाजिक, शैक्षिक, व्यापारी र मुलुकलाई विभिन्न तरिकाले प्रभाव पार्नेहरुका बिचमा एकताको सन्देश प्रवाह गर्ने ।

बीपी निरन्तररुपमा पूर्व प्रधानमन्त्रीहरु मातृकाप्रसाद कोइराला, टंकप्रसाद आचार्य, डाक्टर के आइ सिंह, नेपाल कम्युनिस्ट पार्टीका नेता मनमोहन अधिकारी, पूर्व मन्त्री तथा पुराना आफ्ना दलका नेता सूर्यप्रसाद उपाध्यायहरु, डाक्टर केशरजंग रायमाझी, विष्णुबहादुर मानन्धर आदिसँग नेपालको परिस्थितिका वारेमा छफफल गरिरहनु हुन्थ्यो गणेशमानजीसँग बसेर । बीपीमा मुलुकको अस्मिताको चिन्ताले यसरी छोपेको थियो कि राजा पनि त्यस चिन्तामा सामेल होऊन् र राजशक्ति अनि जनशक्तिका बिचमा विस्तारै सम्बन्ध यसरी गाढा होस् कि जनताले प्रजातन्त्रको उपयोग गर्न फेरि संघर्ष, युद्ध गर्नु नपरोस् । बीपीको त्यो इच्छालाई राजतन्त्रले बेलैमा बुझेन या त्यो कुरालाई कसैले हुनबाट रोक्यो, तर बीपी हुँदै राष्ट्रिय मेलमिलापको नीतिले नेपाली माटोमा सुरुवात मात्र हुन पायो ।त्यही चलनलाई नै बीपीको सहिष्णुताको राजनीतिक चियापानको परम्परा बस्यो । अरु दलहरुले पनि त्यसलाई प्रचलनका रुपमा लिन थाले । अहिले सबैजसो राजनीतिक दलहरु, सामाजिक संस्थाहरुले व्यापकरुपमा भेटघाटको प्रवन्ध सुरु गरेका छन् दसैं, तिहार, छठ, ईद र नेपाल संवतको अवसर पारेर जसले विना भेदभाव सबै दलका, सबै तप्काका मानिसहरु सम्पूर्ण विवाद बिर्सेर एकअर्कालाई दसैं, तिहार, छठ, इद, नेपाल संवतको नयाँ वर्षको शुभकामना दिऊन् । बीपीले कम्युनिस्टसँग मिलेर जानका लागि केही कारणहरु देखाउँदै मान्नु भएको थिएन किनभने त्यो बेलामा राजाको गर्धन किन हो कम्युनिस्टसँग गाँसिएको बीपीले देख्नुहुन्थ्यो जवकि बीपीको विचारमा राष्ट्रियता र प्रजातन्त्रका प्रश्नमा राजाको र आफ्नो गर्धन एकै ठाउँमा गाँसिएको बताउन थाल्नु भएको थियो । राजतन्त्रको विदाइसँग देखिएको नेपाली काँग्रेसको अवस्थासँग कतिले अहिले पनि बीपीको त्यो भनाइलाई जोड्ने गरेको पाइन्छ । तर बीपीको भनाइ त्यसबेलाको त्यो प्रसङ्गसँग थियो –अन्ततः साम्यवादको गन्तव्य भनेको पहिलो चरणमा गणतन्त्रसम्म हो जहाँ पुग्न राजालाई नै उनीहरुले कमजोर पार्छन् र सिध्याउँछन् जसका लागि उदाहरण दिनु भएको थियो इन्डोनेसियाका कम्युनिस्ट नेता डी एन अदितको । आज राजतन्त्र पनि छैन तर मुलुकको अवस्था झन झन राष्ट्रिय मेलमिलापको आवश्यकताले गाँजेको देखिन्छ । अवस्था बीपीले त्यो बेलामा दिएको सिद्धान्तभन्दा हामी टाढा पुगेका रहेनछौँ । बीपीले चियापानको एउटा सामान्य भेटघाटको दूरदृष्टिले देखाएको बाटोमा अहिले पनि हिँड्नु आवश्यक रहेछ । अन्ततः मुलुकको अस्मिता रहेन भने कहाँ हामीले प्रजातन्त्रको अभ्यास गर्ने र कहाँ हामीले गणतन्त्रको प्रयोग गर्ने ?

बीपीले छोडेर जानु भएको त्यो सहिष्णुता र मुलुकको अस्मिताको रक्षा गर्ने संस्कारलाई बचाउन सक्नुपर्छ जसलाई चियापानको एउटा सामान्य संस्कृतिले भविष्यका लागि उज्यालो देखाएको थियो ।

# माफ गर निर्दयी शासक, लीलामीको आत्मसम्मानभन्दा स्वाभिमानयुक्त मृत्यु स्वीकार छ



❖ राजन कुईंकेल

तीन वर्षदेखि बालुवाटारमा निर्लज्ज लम्पसार सम्राटले घोषणा गरे, 'कोरोना विषाणुविरुद्ध राज्यको सहयोग चाहन्छौं भने, स्वघोषणा गर, म उपचार गर्न असमर्थ छु । म कंगाल छु । गरीब छु । दीनहीन छु ।' 'कम्युनिष्ट-समाजवादी' सत्ताले हुँकार गर्दै बोल्यो, 'भन, हे, त्राणदायक मेरो उपकार गर । मेरो प्राण तिम्रै हातमा छ । म सम्पूर्ण रुपमा तिमीमा समर्पित छु ।' अनि मात्र सरकारी स्वास्थ्यकर्मीको नजर तिमीमाथि पर्ने छ । उपचार गर्दिन सक्छन् । सरकारी जालमा घुम्दाघुम्दै तिम्रो प्राणपखेरु बाँकी रह्यो भने तिमीले उपचार पाउँछौं यो आदेश त्यस्ता शासकले दिएका हुन्, जो सत्तामा रहँदा वा नरहँदा वर्षौवर्षदेखि निरन्तर राज्यकोषबाट करोडौं रकम लूड्याएर देश विदेशका सुविधासम्पन्न, महँगा अस्पतालमा उपचार गराइरहेको छ ।

सरकारी कोषबाट उपचार गराएको छैन भनिएका बेला कालाव्यापारी, बिचौलिया, माफिया, दलाल उपचार खर्च तिर्न भन्दै कालाधनका बिटा बोकेर वरिपरी घुम्छन् । उनी मात्र होइन, सत्ता सञ्चालनमा पुगेका पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्री, मन्त्री, पहुँचवाला नेता र तिनका निकट आसेपासे सयौं व्यक्ति निर्लज्ज रुपमा यसैगरी अपारदर्शी ढंगले राज्यकोषको अर्बौअर्ब रकम स्वाहा बनाउँछन् ।कर नामको रेतीले रेट्न टोले सरकारलाई कुनै बहाना चाहिन्न । जुठ्यानमा साग सप्रिँदा, खलोमा धान थुप्रिँदा, दिमागमा बुद्धि बढ्दा, घट्टमा कोदो पिस्दा, मिलमा धानको भुस खुट्टयाउँदा, खोलोमा पुल तर्दा, भँगालोको फड्केमा पाइलो हाल्दा, अशक्ततामा स्वास्थ्योपचार लिँदा, कलहमा अदालतको पाइलो टेक्दा, बालबच्चालाई शिक्षा दिँदा, वृद्ध बाआमालाई दूध पिलाउँदा जता फर्क्यो त्यतै करको पासो थापिएको छ । कहरको यो सनासोबाट उम्कने कुनै बाटो छैन । घाँटी कसी कसी कर असुल्ने सत्ता सिंहदरबारबाट उर्दी जारी गर्छ, 'विश्वव्यापी यो महाब्याधीमा म तँलाई उपचार गर्दिन । गर्नै परे मेरो सत्ताका अघिल्तिर लत्रिन पर्दछ । घुँडा टेकेर याचना गर्नुपर्दछ । मेरो अगाडी स्वाभीमान लीलामीमा राख्नुपर्दछ ।'

उसोत 'कम्युनिष्ट-समाजवादी' सत्ताको यो पहिलो घोषणा होइन । यसअघि पनि उर्दी जारी गरियो, 'तिमीहरु अस्पताल नआउ, कोरोनाको लक्षण देखिँदैमा आउने होइन । कोरोना परीक्षणमा पोजेटिभ आए पनि आउने होइन । तिमीहरुलाई उपचार गर्न सक्दैनौं । अस्पताल त्यतिबेला आउ, जब तिमी बेहोश हुन्छौं । घरमै ढल्छौं, होश गुमाउँछौं ।' कोरोनाको कहरले जब व्यक्ति होश गुमाउने अवस्थामा पुग्दछ, त्यतिबेला तिम्रो उपचार होइन, तिमीलाई एक थान मृत्युको प्रमाणपत्र हात लाग्नेछ । सिंहदरबारमा आसीन यमदूतहरुलाई मृत्यु गणना गर्न एक संख्या थपिने भने निश्चित छ ।नागरिकप्रति न्यूनतम कर्तव्य नचुकाउने बडेदेखि छोटे सत्ताले मिलिभगतमा गरिएको राज्यकोषको लूट भने राम्रै देखियो । वाइडदेखि न्यारो बडीका जहाज खरिद प्रकरण, सेक्युरिटी प्रिन्टिङ प्रेसदेखि एमआरपी छपाई प्रकरण, कोरोना संक्रमण रोक्ने स्वास्थ्य सामग्री खरिददेखि बालुवाटार जग्गा प्रकरणसम्ममा बिचौलियासँगको साँठगाँठमा राज्यको ढुकुटीमा लूट मच्चाउनेहरुलाई उन्मुक्ति दिने काममा सत्ता नै सरिक बन्यो । नागरिक अधिकार संकुचन गर्ने अनेकन विधेयक ल्याउन किञ्चित संकोच नमान्ने सत्ता नागरिकको प्रवल प्रतिरोधपछि पछि हट्न बाध्य भएका अनेकन प्रकरणहरु हुँदा पनि पटक्कै चेतेन ।यसैले तिम्रा चाकरीमा स्तुतीभन्दा मेरा लागि गोपाल योञ्जनले गाएको यो अजरअमर गीत सँधै सँधै प्रिय छ ।



'बनेको छ पहराले यो छाती मेरो

*बगेको छ छहरा रगतमा मेरो*
*पखेरुमा जन्मी टाँकुरामा खेल्ने*
*म झुक्दै नझुक्ने नेपालको छोरो ।*

*खोसेको रोटीले मेरो पेट भरिन्न*
*मागेको धोतीले मेरो लाज छोपिन्न*
*घोटिएर हातपाउ झरी जाउन् औँला*
*तर कोही अगाडि यो हात जोडिन्न ।*

*म आगो सहन्छु अन्याय सहन्न*
*म तृष्णा सहन्छु तिरष्कार सहन्न*
*मेरो शिर उडाउ बरु त्यो सहन्छु*
*तर कोही परायाले टेके सहन्न ।।'*

# फिदिमलाई नमुना सहर बनाउने गति सुस्त

*पाँचथर (प्रस)* । पाँचथरको फिदिमलाई नयाँ नमुना सहर बनाउने कामले गति लिन सकेको छैन ।

आगामी २०८० सालभित्र एक लाख जनसंख्यालाई आवश्यक पर्ने सहरी पूर्वाधार बनाउने लक्ष्य भएपनि बजेट अभावलगायतका विविध कारणले गति लिन नसकेको हो । अहिलेसम्म पनि फिदिमको नमुना सहरमा ११ साइजको खेलमैदान बन्न सकेको छैन । गणेशमानपार्कको लक्ष्यअनुरुप जति काम हुनुपर्ने त्यति काम हुन सकेको छैन । त्यस्तै, ल्यान्डफिल्ड साइडले पूर्णता पाउन सकेको छैन भने सभाहलको निम्ति जग्गाप्राप्ति हुन सकेको छैन र दुईपटकसम्म उद्घाटन भएको बसपार्क अहिलेसम्म पनि प्रभावकारी ढंगबाट सञ्चालन हुन नसक्दा फिदिमबासी निराश भएका छन् । शिक्षा र स्वास्थ्यको क्षेत्रमा राज्यको लगानीसँगसँगै निजी क्षेत्रबाट लगानी भइदिए नमुना सहर बन्न थप सहयोग पुग्ने नयाँ सहर आयोजना कार्यालयका




कार्यालय प्रमुख विश्वराम प्रजापति बताउँछन् ।

नमुना सहर फिदिममा एक लाख जनसंख्याको बस्ती बसाल्ने अवधारणाअनुरुप जुन गतिमा काम हुनुपर्ने त्यो हुन सकेको देखिँदैन । बाध्यात्मक परिस्थितिले आएकाबाहेक आकर्षित गरेर फिदिममा रहन सकिन्छ भन्ने खालका पूर्वाधार निर्माणमा नयाँ सहर कार्यालयले काम गर्न नसकेको उद्योग वाणिज्य संघ पाँचथरका अध्यक्ष दीपक नेपाल बताउँछन् ।

विविध कारणले गर्दा कार्यालयमा आएको बजेटसमेत खर्च हुन सकेको छैन ।

फिदिम बजारको मुख्य राजमार्गमा रहेका घरटहरा हटाउन नसकिएको र बजारभित्रका शाखा सडकहरु भत्किएर दुर्घटनाको जोखिम बढ्दासमेत सडक निर्माणको काम थालनी हुन सकेको छैन ।

ठूला कार्यक्रम गर्न २०० मानिस अट्ने सिटी हल बन्न नसकेको र रंगशाला निर्माणको कामले गति लिन नसकेको हुँदा सरकारले पर्याप्त बजेटको व्यवस्था गर्नुपर्ने तथा जिल्लाबासी एकजुट भएर अघि बढ्नुको विकल्प नरहेको उद्योग वाणिज्य संघ पाँचथरका अध्यक्ष नेपालको भनाइ छ ।

बजार आसपासमा माकुराको जालोजस्तै बत्ती, टिभीको केबल, इन्टरनेट, टेलिफोनको तार, बिनाअनुमति टाँगिएको होर्डिङ बोर्डले फिदिम सहरलाई कुरुप बनाएको छ ।

जुन उद्देश्यका साथ कार्यालय स्थापना भएको थियो, त्योअनुरुप काम हुनुपर्ने र सरकारले नै काम गर्नका लागि बिश्वसनीय वातावरण बनाउनुपर्ने स्थानीय भवानी खतिवडा बताउँछन् ।

संघीय सरकार मातहत रहेको नयाँ सहर आयोजना कार्यालयमा लक्ष्यअनुरुपको योजनाको काम गर्न पर्याप्त बजेट आउने र स्थानीयस्तरमा सरोकारवालाहरुबीच व्यापक छलफल र अन्तरक्रिया गरी योजना कार्यान्वयनमा एकमत हुने हो भने नमुना सहरको कामले गति लिनेमा दुई मत छैन ।

# अन्तर्राष्ट्रिय शक्तिहरूको खतरा भयो : थापा



*झापा (प्रस)* । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले देशको अहिलेको अवस्थाले अन्तर्राष्ट्रिय शक्तिहरूको प्रतिस्पर्धा स्थल बन्ने खतरा बढेको बताएका छन् । सामाजिक सञ्जालमार्फत उनले देश अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको प्रतिस्पर्धा स्थल बन्ने खतरा बढेकाले देशको स्वतन्त्रता र अस्तित्वबारे समेतमा नै सबै सचेत हुनुपर्ने बताएका हुन् । उनले भारत र चीनसँगको सम्बन्धबारे सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दलले अख्तियार गरेको रणनीतिको आलोचना पनि गरेका छन् । अध्यक्ष थापाले सत्तारुढ दल र प्रमुख प्रतिपक्षी दलको गलत नीतिको परिणामस्वरूप देश अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको प्रतिस्पर्धा स्थल बन्दै जान थालेको जनाएका छन् । उनले नेपालका लागि भारत र चीनसँगको सम्बन्धमा रणनीतिक सन्तुलन, समदूरी र असंलग्नता देशको अस्तित्वको आधार भएकोप्रति सबैको ध्यानाकर्षण गराएका छन् ।

# तिहारमा फूलको बजार प्रभावित हुने अनुमान

*झापा (प्रस)* । यस वर्षको तिहार अधिकमासका कारण झन्डै एक महिना पछाडि धकेलिएको छ । तिहारमा सयपत्री तथा मखमली फूलको मालाको खपत हुने गर्छ । तर, यस वर्ष तिहारअगाडि नै सयपत्री फूल फुलिसक्ने भएकाले मागअनुसार फूल आपूर्ति हुन नसक्दा बजार प्रभावित हुने देखिएको छ ।

तर, व्यवसायीहरुले भने तिहारमा स्वदेशी उत्पादनले नै फूलको माग धान्ने बताएका छन् ।

अधिकमासका कारण यस वर्षको तिहार झन्डै एक महिना पछाडि धकेलिएको छ । त्यसैले यसपटक तिहारमा फूलको बजार प्रभावित हुने अनुमान गरिएको छ । किसानहरुले लगाएको सयपत्री फूल फुल्ने समयभन्दा पछाडि तिहार परेकाले फूलको बजारमा असर पर्ने आँकलन गरिएको हो ।



तर, पुष्प व्यवसायीहरु भने 'क्यालेन्डर'को आधारमा फूलखेती गरिएकाले नेपाली उत्पादनले नै यस वर्षको मागलाई सहजै धान्ने बताएका छन् । फ्लोरिकल्चर एसोसिएसन अफ नेपालका अध्यक्ष कुमारकसजु श्रेष्ठले अधिकमासका कारण यस पटकको तिहार २०र२२ दिन पछाडि धकेलिएपनि फूलको बजारलाई कुनै असर नपर्ने बताए । घरेलु किसानले उत्पादन गरेको फूल तिहारअगाडि नै सुकेर जाने भएपनि व्यवसायिकरुपमा गरिएको फूलको उत्पादन निरन्तर चलिरहेकोले तिहारको मागलाई सजिलै धान्ने उनले बताए ।

गत वर्षको तिहारमा २५ लाख माला खपत भएको थियो । जसमध्ये मखमली माला पाँच लाख र सयपत्री माला २० लाख रहेको थियो । यस वर्ष भने कोभिड-१९ संक्रमणको जोखिमका कारण फूलको माग कम हुने आँकलन गरिएको पनि अध्यक्ष कसजुले बताए । यस वर्ष १२ देखि १५ लाख मालाको माग हुने अनुमान गरिएको र सबै मालाको आपूर्ति स्वदेशी उत्पादनबाट हुने उनको भनाइ छ । यस वर्ष फूलको मूल्य भने केही महँगो पर्ने भएको छ ।

सयपत्री फूलको एउटा मालाको मूल्य ६० देखि ७० रुपैयाँसम्म पर्नसक्ने उनले बताए । गत वर्ष सयपत्री फूलको एउटा मालाको मूल्य ५० देखि ६० रुपैयाँ परेको थियो । पुष्प व्यवसायी श्यामसुन्दर प्रजापतिले भने तिहारका लागि लगाइएको सयपत्री फूल फूलिसकेको बताए । केही फूल तिहारसम्म काम नलाग्ने गरी सुकिसकेको पनि उनले बताए । चिसो बढ्दै जाँदा फूल झाँगिन नसक्ने र फुलेको फूलसमेत सुक्ने भएकाले तिहारसम्म सयपत्री फूललाई जोगाइराख्न समस्या भएको उनले बताए ।

तिहार पछाडि भएपनि नेपालमा उत्पादित फूलले बजारको मागलाई धान्ने भएकाले बाहिरी मुलुकबाट फूल आयात गर्न नहुने व्यवसायीहरुको भनाइ छ ।

अन्य मुलुकबाट नआउँदा आन्तरिक फूलको मूल्य बढ्छ भन्ने बुझाइले गर्दा आत्मनिर्भर भइसकेको अवस्थामा पनि फूल आयात हुने गरेको व्यवसायीहरुले गुनासो गरेका छन् ।

गत वर्षको तिहारमा करिब १० लाख फूलका माला भारतबाट आयात भएको थियो ।

# घाइते हात्तीलाई बचाउन सकिएन



*बुद्धशान्ति (प्रस)* । असोजको तेस्रो साता उपचार गरी छोडिएको जंगली हात्ती बुद्धशान्ति गाउँपालिका ५ स्थित पाँचपोखरी मृत अवस्थामा फेला परेको छ । दारा र पुच्छर नभएको अवस्थामा सो हात्ती शुक्रबार दिउँसो मृत भेटिएको हो । आँखा नदेख्ने अवस्थाको उक्त हात्तीलाई असोज २१ गते पशु चिकित्सकले उपचार गरी जंगलमा छोडेका थिए । शरिरमा भाला रोपिएको अबस्थामा घाइते भएको सो हात्ती चोटकै कारणले मरेको हुनसक्ने अनुमान गरिएको डिभिजन वन कार्यालय झापाले जनाएको छ । जंगलमा हात्ती मृत अवस्थामा देखेपछि स्थानीयले वन कार्यालयलाई खबर गरेका थिए । हिलिङ गरेको घाउलाई हेर्दा घाइते हात्ती नै मृत फेला परेको ठम्याउन सकिने डिभिजन वन प्रमुख विष्णुलाल घिमिरेले बताए ।

हात्तीको जीउभरि प्रशस्तै घाउ चोट छन् । हात्ती मरेपछि तस्करहरुले दारा र पुच्छर काटेको हुनसक्ने आशंका गरिएको छ । हात्ती आफैँ मरेको वा मारिएको हो भन्ने विषयमा वन कार्यालयले अनुसन्धान शुरु गरेको छ । मृत हात्तीलाई सोही जंगलमा अन्त्येष्टि गरिएको छ । डिभिजन वन कार्यालयका अनुसार पछिल्लो तीन वर्षमा झापामा तीन वटा हात्ती मारिएका छन् ।

प्रतिदिन

## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation Illustration Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : ष प्रेमीको सहयोग प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रुची बढ्नेछ ।
**वृष** : अँटेको र ताकेको कार्य पुरा होला । कार्य सम्पादनमा सहजता मिल्नेछ ।
**मिथुन** : यात्रामा मालसामान हराउन सक्छ । कार्य सम्पादनमा समस्या आउला ।
**कर्कट** : आज लामो समयदेखि रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । शुभकार्यको चर्चा चल्नेछ ।
**सिंह** : रमाइलो यात्राको योग रहेको छ । बन्धु-बान्धवबाट सहयोग मिल्नेछ ।
**कन्या** : आज रमणीय र सुखद् यात्राको योग छ । दैनिक कार्यमा प्रगती हुनेछ ।
**तुला** : आर्थिक कारोवारमा मन्दी आउनेछ । मनमा दुविधा उत्पन्न होला ।
**वृश्चिक** : रमणीय र सुखद् यात्राको योग छ । आदर्श ब्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
**धनु** : रोकिए काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।
**मकर** : आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । विशिष्ट व्यक्तिको सहयोग मिल्ला ।
**कुम्भ** : आज महत्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । आर्थिक कारोवारमा बिवाद आउनेछ ।
**मीन** : आज महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । बहुमुल्य वस्तु हात पर्नेछ ।